तमानखोला गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ४ संख्या : ९ मिति :२०७७ /०९/२७

भाग-२

तमानखोला गाउँपालिका

## तमानखोला गाउँपालिका अध्यक्ष फेलोसिप तथा रिसर्च कार्यक्रम सञ्चालन कार्यविधि, २०७७

आज्ञाले,

विकास लम्साल

प्रमुख प्रशासकीय अधिकृत

**१. प्रस्तावनाः**

तमानखोला गाउँपालिकामा उपलब्ध स्रोत र साधनहरुको समुचित प्रयोग गर्दै समृद्धि हासिल गर्न स्वास्थ्य तथा सामाजिक क्षेत्रमा तथ्यपरक निति तथा कार्यक्रम सञ्चालन गर्नको लागि अनुसन्धान र विकासलाई बधावा दिनु आवश्यक छ । गाउँपालिका र विव्दथ वर्गहरको सुसम्वन्ध कायम गर्दै विभिन्न विश्वविद्यालय र क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुलाइ तमानखोला गाउँपालिकाको स्वास्थ्य तथा सामाजिक क्षेत्रसंग जाडिएका विषयबस्तुमा आधारित अध्ययन अनुसन्धानमा उच्च शिक्षाको स्नातक तथा स्नातकोत्तर तहमा अध्ययन गर्ने विद्यार्थीहरुलाई प्रोत्साहन गराई अनुसन्धानबाट प्राप्त नतिजा गाउँपालिकाको आगामी नीति निमार्ण र कार्यक्रम कार्यान्वयनमा समेत उपयोगी हुने भएकाले यस्ता अनुसन्धानात्मक कार्यहरु सञ्चालन गर्न आवश्यक छ । तमानखोला गाउँपालिका अध्यक्ष फिलोसिप तथा अनुसन्धानात्मक कार्यक्रम स्वच्छ, मर्यादित र विश्वसनिय रुप्मा कार्यान्वयन गर्नका लागि तमानखोला गाउँपालिका अध्यक्ष फेलोसिप तथा सोधपत्र कार्यविधि , गाउँकार्यपाकिबाट यो कार्यविधि स्वीकृत गरि जारी गरिएको ।

**२. संक्षिप्त नाम र प्रारम्भ :** (१) तमानखोला गाउँपालिका अध्यक्ष फेलोसिप तथा सोधपत्र कार्यक्रम सञ्चालन सम्वन्धी कार्यविधि, २०७७ रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदे्खि तमानखोला गाउँपालिकाभर प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"अध्यक्ष"** भन्नाले तमानखोला गाउँपालिकाका अध्यक्षलाई सम्झनु पर्दछ ।

(ख) **"कार्यपालिका"** भन्नाले तमानखोला गाउँकार्यपालिकालाई सम्झनु पर्दछ ।

**(ग) "कलेज"** भन्नाले बिभिन्न विश्वबिद्यालयबाट सम्वन्धन प्राप्त गरी कक्षा सञ्चालनको लागि अनुमति पाएका संस्थानहरुलाई सम्झनु पर्दछ । यसले अन्य स्वास्थ्य विज्ञान प्रतिष्ठानहरुलाई समेत जनाउँदछ ।

(घ) **"फिलोसिप"** भन्नाले स्नातक तथा सो भन्दा माथि अध्ययनरत विद्यार्थीहरुलाई सोधपत्र (थेसिस) को लागि आवश्यक रकम सम्झनु पर्दछ । यस वापत विद्यार्थीहरुलाई आवश्यक रकम अनुसन्धान तथा सोधकार्यको पकृतिअनुसार बढीमा रु. ५०,०००।०० (पचास हजार) सम्म उपलब्ध गराईने छ । जसको लागि तमानखोला गाउँपालिकालाई अध्ययन स्थल (Research site) बनाउनु पर्नेछ ।

**(ङ) अध्ययन तथा सोध कार्य :** स्वास्थ्य तथा सामाजिक क्षेत्रसँग सम्वन्धित विषयबस्तुमा अध्ययन तथा सोध कार्य (अनुसन्धान) भन्ने सम्भनु पर्दछ ।

३. सूचना प्रकाशन: (१) फिलोसिप तथा सोधकार्य दुवैको लागि ३० दिनको सार्वजनिक सूचना प्रकाशन गरी तोकिएका कागजात सहित अनुसूची -१ को ढाँचामा प्रस्ताव माग गरिने छ ।

(२) उपदफा (१) बमोजिमको सूचना गाउँपालिकाको वेवसाइट वा अन्य विद्युतीय माध्यम तथा राष्ट्रिय स्तरको पत्रिकामा समेत प्रकाशन गरिनेछ ।

४. प्रस्ताव पेश गर्ने: फिलोसिपको हकमा विश्वविद्यालय तथा प्रतिष्ठानमा भर्ना भई निर्धारित पाठ्यक्रम अनुसारको प्रस्तावित धाचामा तोकिएको समय भित्र गाउँपालिकाको कार्यालयमा प्रस्ताव पेश गर्नु पर्नेछ ।

५. प्रस्ताव छनौट र स्वीकृति: (१) प्राप्त हुन आएका निवेदनहरुको छनौट गर्न गाउँपालिकामा देहाय बमोजिमको एक छनौट तथा सिफारिस समिति रहनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत: संयोजक

(ख) निति तथा योजना शाखाका प्रमुख: सदस्य

(ग) शिक्षा तथा खेलकुद शाखाका प्रमुख : सदस्य

(घ) स्वास्थ्य शाखा प्रमुख (संयोजक): सदस्य सचिव

छनौट समितिमा संयोजकले आवश्यकता अनुसार थप विज्ञ आमन्त्रण गर्न सक्नेछ ।

१. उपदफा (१) बमोजिमका प्रस्तावहरुको छनौट तथा मूल्याङकनका मापदण्डहरु अनुसूची -३ बमोजिम हुनेछ ।

२. उपदफा ४ बमोजिम स्वीकृत भएका विद्यार्थी तथा सोधकर्ताहरुको सूची गाउँपालिकाको वेवसाइट मार्फत सार्वजनिक गर्नु पर्नेछ ।

६. फिलोसिप तथा सोधपत्रको रकम सम्वन्धमा: शुरुमा स्वीकृत रकमको आधा रकम सम्वन्धित विद्यार्थी तथा सोधकर्ताको खातामा उपलब्ध गराइनेछ र पालिकामा पुरै प्रतिवेदन बुझाएपछि मात्र पुरै रकम उपलब्ध गराइने छ ।